## कनकाई नगरपालिकाका आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**"समुन्नत सम्पदा दिगो पूर्वाधार, समृद्ध कनकाईको मूल आधार"**

कनकाई नगरपालिकाको नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यहरु, कर्मचारी र पत्रकार मित्रहरु । सर्वप्रथम कनकाई नगरपालिकाको २० औं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु ।

कनकाई नगरपालिकाकाको संघीयता कार्यान्वयन पश्चात दोस्रो निर्वाचन पछि आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस सम्मानीत सभामा प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। म सर्वप्रथम ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै स्थानीय सरकारको सफलता र लोकतान्त्रिक शासन ब्यवस्थाको सुदृढीकरण गर्न योगदान गर्नु हुने सम्पूर्ण दाजुभाइ तथा दिदी-वहिनीहरुमा हृदय देखि सम्मान ब्यक्त गर्न चाहान्छु ।

चालु आर्थिक वर्षका लागि कनकाई नगरपालिकाको १८ औं अधिवेशनवाट स्वीकृत भएका नीति तथा कार्यक्रमको मार्गनिर्देशन र बजेटको कार्यान्वयनवाट प्राप्त उपलब्धीको समिक्षा गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव पेश गरेको छु । विगत वर्षहरुमा नीति तथा कार्यक्रम र बजेट सगँसगै पेश गर्ने परम्परालाई तोड्दै यो पटक नीति तथा कार्यक्रम पहिले पेश गरी स्वीकृत गरे पछि मात्र वजेट पेश गर्ने परम्पराको शुरुवात गरिएको छ । यस अगाडिका वर्षहरुमा प्रस्तुत गरिएको ९ वटा बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट कनकाई नगरपालिकाको मुहार फेरिएको महसुस गरेका छौं । भौतिक पुर्वाधार, सामाजिक, आर्थिक पूर्वाधार, सुशासन तथा सेवा प्रवाहले नगरवासीमा सकारात्मक परिणाम ल्याएको महसुस गरेको छु। आगामी आ.व. २०८३/०८४ को बजेट पेश गर्नु अगाडी आज कनकाई नगरपालिकाको २० औं अधिवेशनमा आगामी आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु । २०८२ साल भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी आन्दोलनबाट नगरपालिकाको मुख्य प्रशासनिक भवन, वडा कार्यालयहरु , स्वास्थ्य संस्था, पशुसेवा शाखा लगायतमा भएको भौतिक क्षतिले त्यसको पुन निर्माण लगायतका लागि अन्य विकास निर्माण लगायतका कार्यक्रम कटौती गर्नु परेको तितो यथार्थ हाम्रा सामु छर्लङ्ग नै छ। त्यस पछिको वर्षा र चाडवाड लगतै संघीय चुनाव त्यस पछिको इन्धनको मुल्य बृद्धिले समग्र निर्माण सामाग्रीको मुल्यमा बृद्धिले परेको असर संघीय समानीकरण अनुदानमा भएको कटौती लगायतले हाम्रा विकास निर्माणमा केही ढिलासुस्ती भएतापनि तोकिएको लक्ष्य नजिक पुगिसकेका छौं । आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि नगरसभाको यस बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट कनकाई नगरपालिकाको अपेक्षित लक्ष्य हासिल हुने कुरामा विश्वस्त छु ।

**नगरसभा सदस्यहरु ज्युहरु**

**"समुन्नत सम्पदा दिगो पूर्वाधार, समृद्ध कनकाईको मूलआधार"** भन्ने नगरको नारालाई आत्मसाथ गरी अब म सम्मानीत नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क. पूर्वाधार विकास सम्बन्धी नीति

१. आ.व. २०८२ को भदौमा भएको जेन्जी आन्दोलन संघीय निर्वाचन विश्वव्यापी रुपमा भएको इन्धनको मुल्य वृद्धिका कारण सम्पन्न हुन नसकेका अधुरा आयोजना, बहुवर्षीय कार्यक्रम तथा आयोजनाहरुलाई बजेट सुनिश्चित गरी अन्य आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

२. उपभोक्ता समितिको ५ प्रतिशत लागत साझेदारी हुने गरी रु. १० लाखसम्मको कार्य उपभोक्ता समिति मार्फत संचालन गरिनेछ । नगरपालिकाको साझेदारी कार्यक्रम अन्तरगत पूर्वाधार निर्माणमा साझेदारी गर्न स्थानीयबाट माग भएमा सूचना प्रकाशन गरी बढी साझेदारी गर्न चाहने बस्ती, उपभोक्तालाई प्राथमिकता दिई साझेदारी कार्यक्रम संचालन गरिनेछ । सडक कालोपत्रे, पुल, सार्वजनिक भवन, बक्स कल्भर्ट निर्माण र रु १० लाख भन्दा माथिका आयोजनाहरुको ठेक्का प्रकृया इ-बिडिङ्ग मार्फत बोलपत्र आह्वान गरिनेछ ।

३. सार्वजनिक, सरकारी र गैर सरकारी संस्थाहरुको भवन निर्माण गर्दा अनिवार्य नक्सा पास गरि नक्सा बमोजिमको संरचना निर्माणको नीतिलाई अगाडि बढाइनेछ ।घर अभिलेखीकरण कार्यलाई बन्द गरी नक्सा पास नगराई बनेका घरहरुलाई दण्ड जरिवाना गरी घर नक्साको प्रकृया अगाडी बढाईनेछ ।

४. नगर तथा वडास्तरीय ठूला पूर्वाधारका आयोनाहरुमा संघ र प्रदेश सरकारसंग साझेदारीमा समपुरक कोष राखी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

५. उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना पौष मसान्तभित्र र टेण्डर प्रक्रियाबाट सञ्चालन हुने आयोजना कार्तिक मसान्तभित्र (इ-बिडिङ्ग) मार्फत बोलपत्र/ शिलबन्दी / दरभाउपत्र आह्वान गरी सक्ने व्यवस्था मिलाइनेछ ।

६. सडक कालोपत्रे कार्य गर्दा ३०mm भन्दा कम नहुने गरी Asphalt Concrete गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७. सार्वजनिक निकाय र संघ संस्थाहरुलाई भवन निर्माणको योजना छनौट गर्दा जग्गाको सुनिश्चितता, भवनको नक्सा, लागत अनुमान, डिपिआर र लाभ तथा उपयोगिता विश्लेषण तयारीलाई अनिवार्य पूर्वशर्तको रुपमा लिने नीति लिइनेछ ।

८. दुई लाखसम्मको योजनाहरुको नगरपालिकाबाट लागत अनुमान स्वीकृत गरी वडा कार्यालयहरुमा सम्झौता गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९. कालोपत्रे सडक, भवन निर्माणको योजनामा अनिवार्य ल्याब टेष्टको प्रतिवेदन तथा ग्राभेलको हकमा १० लाख माथिका योजनाहरुमा अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ । साथै स्ल्याप, कल्भर्टको हकमा ३ लाख माथिको र पेवर्सको हकमा १ लाख माथि निर्माण कार्यमा ल्याव परिक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । स्थायी पक्की संरचना बाटोको निर्माण गर्दा आवश्यकताका आधारमा १००/१०० मिटरमा क्रस पाइप विछ्याउने नीति लिईनेछ ।नगरपालिका हुनु भन्दा अघि बनेका बाटाहरुको हकमा Municipality Transport Master Plan (MTMP) पुनरावलोकन गरी वस्ती वसीसकेका ठाँउका पुराना वाटाहरुको हकमा पुरानै बाटो कायम गरी पूर्वाधार निर्माण अगाडी बढाईनेछ । नगर तथा वडा स्तरीय बाटोको नामाकरण गरि मापदण्ड सहितको बोर्ड राख्ने नीति लिईनेछ ।

१०. समय सिमाभित्र र गुणस्तरीय काम गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई सम्मान गरिने र समयमा काम नगर्नेलाइ कार्वाही गरिनेछ ।

११. पूर्वाधार निर्माणका योजनाहरु तर्जुमा गर्दा क्रमागत र अधुरा योजना बाहेक न्युनतम ५ लाख भन्दा माथिका योजना तर्जुमा गर्न प्राथमिकता दिइनेछ ।

१२. जेन्जी आन्दोलनका क्रममा क्षति भएका संरचनाहरुको पुन: निर्माणमा जोड दिइनेछ ।

१३. बजार क्षेत्रमा सि.सि. टिभी जडान, सडकबत्तीको व्यवस्थापन तथा सडकमा जेलिएका तारहरु हटाउन पहल गरिनेछ । सडक बत्ती घरबाटै बाल्न प्रोत्साहन गरिनेछ । नगरपालिकाको समग्र सामाजिक, आर्थिक भौगोलिक पूर्वाधार वातावरणीय तथा जनसांख्यिकीय विवरण समेटिएको डिजिटल प्रोफाईल तयार गरिनेछ । सुरुङ्गा बजारको तल्लो बजार लगायत अन्य भवनहरु नगरपालिकाको आम्दानीको दायरामा नरहेका भवनलाई समेत भाडामा लगाउने व्यवस्था मिलाईनेछ ।

## २. सामाजिक विकास सम्बन्धी नीति

१. गुणस्तरीय शिक्षा र जनशक्तिको क्षमता विकासका लागि विद्यालयहरुको भौतिक पूर्वाधार विकास, शुद्ध खानेपानी, शौचालय, सरसफाई, मर्मत सम्भार र प्रविधिमैत्री, अपाङ्गता मैत्री, बालमैत्री बनाउँदै लगिनेछ । विद्यार्थी शिक्षकको अनुपातका आधारमा विद्यालयलाई मर्ज गरि शिक्षकको दरवन्दी मिलान गर्दै लगिनेछ ।

२. सामुदायिक विद्यालयहरुको अनुगमन प्रणालीलाई प्रविधिमैत्री बनाई प्रभावकारी र नतिजा मुलक बनाइनेछ ।

३. शैक्षिक क्रियाकलापमा विविधता ल्याउन विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाइनेछ ।

४. वालवालिकाको स्वास्थ्यलाई नकरात्मक असर गर्ने खाजा विद्यालयमा निषेध गर्ने नीति कडाइका साथ कार्यान्वयन गरिनेछ ।

५. शिक्षालाई आधुनिक प्रविधिसँग जोड्दै विद्यालयका कक्षा कोठाहरुलाई उत्कृष्ट सिकाइको थलो smart class room निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलई पोशाक, छात्रवृत्ति र गरिव तथा असहाय विद्यार्थीलाई माथिल्लो तहमा पढ्न प्रोत्साहन गरिनेछ ।

७. सरकारले दिएको मसलन्द खर्च बराबरको खर्च शिक्षामा उपलब्ध गराईने नीतिलाइ निरन्तरता दिइनेछ ।

८. प्रारम्भिक बालविकास शिक्षालाई गुणस्तरीय र प्रभावकारिता बृद्धि गर्न विद्यालयमा बाल विकास शिक्षा र विद्यालय कर्मचारीलाई प्रदान गरिने थप प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

९. शैक्षिक गुणस्तर सुधारका लागि अवकास प्राप्त शिक्षक तथा कर्मचारीको ज्ञान, सिप र अनुभवको उपयोग गरिनेछ । स्थानीय विषयको पाठ्यपुस्तक समयमा पुग्ने गरी छपाई हुने व्यवस्था मिलाईनेछ ।

१०. "आपतकालीन घडीमा, अक्सिजन हाम्रो साथमा" निशुल्क अक्सिजन ग्याँस सिलिन्डर वितरण कार्यलाइ निरन्तरता दिइनेछ ।

११. स्वास्थ्य प्रणाली तथा सेवाका लक्ष्यहरू हासिल गर्न सेवाप्रदायक संस्था पदाधिकारी एवम् महिला स्वास्थ्य स्वयं सेविकाहरूको जवाफदेहिता अभिवृद्धी र प्रविधि प्रयोगमा निपुणता ल्याउन क्षमता विकास र उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका अवकाश हुँदा नगद सहित सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास गरिनेछ ।

१३. नगरवासीहरुको स्वास्थ्य प्रवर्द्धनका लागि विशेषज्ञ सहितको जनस्वस्थ्य स्क्रिनिङ्ग अभियान, स्वास्थ्य शिविर, जटिल र दीर्घ रोगी बिपन्न नागरिक उपचार खर्च सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. बाल स्वास्थ्य, परिवार स्वास्थ्य, रोग नियमन, नियन्त्रण तथा अत्यावश्यक औषधी उपचारको पहुँचमा जोड दिदै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड सुनिश्चित गरिनेछ ।

१५. पूर्ण खोप सुनिश्चितता र दिगोपना, वाल वचाउ, अपाङ्गता न्यूनीकरण, खोप, पोषण तथा विरामी व्यवस्थापन कार्यक्रमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न सुरू गरिनेछ ।

१६. नगर अस्पतालको नवनिर्मित भवनवाट प्रवाह गरिने सेवा विस्तार गर्दै २४ सै घण्टा इमर्जेन्सी सेवा सञ्चालन तथा थप सुविधा सम्पन्न बनाउन आवश्यक औजार उपकरण तथा विशेषज्ञ सेवाका साथै शल्यक्रिया कक्ष व्यवस्थापन गरी सेवा सुचारु गरिनेछ।

१७. स्वास्थ्यका लागि बहुक्षेत्रीय पोषण, मातृ तथा नवशिशु स्वास्थ्य सुधार, ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम, प्रजनन रुग्णता कार्यक्रम, परिवार नियोजन, पि.एन.सि. होम भिजिट, उपमेयर सुत्केरी पोषण, विपन्न नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

१८. महामारीजन्य रोगको व्यवस्थापनका लागी नगरपालिका स्तरीय रेपिड रेस्पोन्स टिमलाई क्रियाशिल गराइनेछ।

१९. नगरभित्र स्थापना भएका तथा हुने स्वास्थ्य सम्बन्धी क्लिनिक तथा प्रयोगशालाहरुको कार्यविधि अनुसार अनुगमन गरी संचालन स्विकृती/नविकरण प्रदान गरीनेछ।

२०. महिलाहरुलाई स्रोत, साधन, अवसर तथा लाभमा समान पँहुच सुनिश्चित गर्न जोड दिइ लैङ्गिक हिसां पिडित तथा जुनसुकै हिंसा प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

२१. जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरु सञ्चालन गर्न सहयोग गरि जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाइ अग्रजको अनुभव नयाँ पुस्तामा रूपान्तरण कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ।

२२. अपाङ्गता भएका व्यक्ति र परिवारको क्षमता विकासका लागि तालिम र सहायताका कार्यक्रमहरु निरन्तरता दिईनेछ र यस कार्यक्रमको दिगो विकासका लागि नीति तयार गरी मुल प्रवाहीकरणमा जोड दिईनेछ ।

२३. नगरपालिकालाई बालमैत्री नगरपालिकाको दीगोपनको लागि विशेष कार्यकम अगाडि बढाइनेछ ।बालबालिका र किशोर किशोरीलाई लागु औषध दुर्व्यसन, हिंसा तथा जोखिम न्युनिकरणका लागि जीवनोपयोगी शिक्षा एवं सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. नगरक्षेत्रभित्र रहेका वृद्धवृद्धा, अशक्त, अपाङ्गता, कडा रोगले पीडित भएका मानिसहरुलाई समाजिक सुरक्षा र संरक्षणको कार्यक्रम मार्फत आवश्यक सहयोग गरिनेछ।

२५. ८५ वर्ष माथिका जेष्ठ नागरिक र अपाङगता भएका व्यक्तिहरुको लागि घुम्ती स्वास्थ्य परिक्षण कार्यक्रम संचालन तथा सहायक सामग्री वितरण गर्ने नीति लिईनेछ ।

२६. अटिजम भएका बिद्यार्थीहरुको अध्ययनका लागि उनीहरुको सहज पहुँच हुने बिद्यालय/अन्य सामाजिक संघ सस्थासँग समन्वय गरी अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

२७. नगरपालिकाको नीति तथा कार्यक्रम अनुरूप आफ्नो कार्यक्रमहरू तय गर्न सामाजिक संघ संस्थाहरूलाई प्रेरित गरिनेछ ।

२८. खेल मैदान निर्माण तथा स्तरोन्नती गरी खेलकुदको विकास गर्दै लगिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र अन्तर नगरपालिका स्तरीय खेलका विजेता खेलाडीलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

२९. युवाहरुलाई दुर्व्यसनीबाट बचाउन चेतना मुलक कार्यक्रम सञ्चालन गरी टोल विकासको रचनात्मक काममा परिचालन गरिनेछ ।

३०. युवाहरुलाई शिक्षा, परामर्श र खेलकुद गतिविधिको माध्यमवाट गुणस्तरीय मानव पूँजीको रुपमा विकास गर्न प्रतियोगिताहरू सञ्चालनको व्यवस्था मिलाईनेछ ।

३१. नगर क्षेत्रभित्र कार्यरत गैरसरकारी संस्थाले योजना तथा कार्यक्रम तय गर्न नगरपलिकाको आवश्यकताका आधारमा दोहोरो नपर्ने गरी नगरपलिकासँग समन्वय गरी कार्यक्रम कार्यान्वियन गर्ने व्यवस्था मिलाइनेछ।

३२. नगरक्षेत्र भित्रका परम्परागत श्रम, सीप, प्रविधि, भाषा, कला, साहित्य, आदिवासी जनजाति, दलित लगायत विशिष्ट संस्कृतिहरुको पहिचान, संरक्षण र संवर्द्धन गर्ने नीति र मृत्यु संस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. नगरक्षेत्रभित्र रहेका धार्मिक र सांस्कृतिक आस्थाका केन्द्रहरुको संरक्षण गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ। स्थानीय संस्कृति संरक्षण र सांस्कृतिक सहिष्णुताको वातावरण सृजना गरिनेछ।

३४. नगरवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने कार्यलाई संघ, प्रदेश र दातृ निकायसँग सहकार्य गरी गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउदै लगिनेछ । खानेपानीको धारा जडान गर्न नसकेका तथ्याँक संकलन गरी खानेपानी व्यवस्थापन गर्दै लगिनेछ । खानेपानी आयोजनाहरुको वृहत डि.पि.आर. तयार गरी संघीय सरकारसँगको समन्वय गरी योजना प्रकृया अगाडी बढाइनेछ ।

३५. मेरो फोहोर मेरो जिम्मेवारी, फोहोरलाई मोहोर बनाउँ भन्ने नाराका साथ घरेलु फोहोर व्यवस्थापन सम्बन्धी कार्यमा वडा कार्यालय तथा टोल विकास संस्थाहरुलाई जिम्मेवार बनाइनेछ । फोहोर व्यवस्थापनका लागि श्रोतमै कम गर्न Reduce, Re-use, Recycle को नीति लिइ गुरुयोजना निर्माण गरिनेछ। निजी सरकारी साझेदारीमा फोहोरको व्यवस्थापन गरिनेछ ।

३६. नगरपालिकाले ठेक्का लगाएका बजारहरुमा शौचालय तथा खानेपानीको व्यवस्था मिलाइनेछ साथै सफा नगर बनाउनका लागि वजार क्षेत्रमा डष्टविन / फोहोरको कन्टेनर राख्ने कार्यलाई नीजि क्षेत्रसँगको साझेदारीमा अगाडी बढाइनेछ ।

**३. वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

१. स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ। नगरपालिका क्षेत्रभित्र पहिचान गरिएका विपद् जोखिम क्षेत्रहरुको न्यूनिकरणका उपायहरु अवलम्बन गरिनेछ ।

२. नगरपालिकामा आइपर्ने विपद्लाई तत्काल तथा नियमित रुपमा समाधान गर्न स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (Local Emergency Operation Centre) संचालनका लागि हटलाइन नम्बरको व्यवस्था गरिनेछ। विपद्को पूर्वसूचना तथा आपतकालिन सेवाबारे नगरवासीलाई सुशुचित गरिनेछ ।
३. विपदबाट हुने क्षति न्यूनिकरण गर्न बृहत र उद्धारका लागि नगरको स्थानीय तह प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।
४. विपदको समयमा तत्काल खोज उद्धार र राहतको व्यवस्था गर्न सुरक्षा निकायसंगको समन्वय र सहयोगमा नगर प्रहरी, टोल विकास संस्था लगायतलाई परिचलन गरी उक्त कार्य प्रभावकारी बनाइनेछ।
५. नदीजन्य पदार्थको अनियन्त्रित रुपमा हुन सक्ने उत्खनन तथा अन्य प्राकृतिक स्रोतमा हुन सक्ने दोहनलाई नियन्त्रण गर्न अनुगमन र सुपरिवेक्षण प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
६. हरित नगरको अवधरणालाई अवलम्बन गर्दै सडकको किनाराहरुमा विशेष किसिमका वनस्पति लगाइनेछ।
७. वातावरणमा नकारत्मक असर पर्ने वस्तुहरूमा क्रमशः प्रतिवन्ध लगाइनेछ । प्लाष्टिक झोलाको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ ।
८. एकिकृत विपद् व्यवस्थापन केन्द्रलाई यथाशिघ्र संचालनमा ल्याउन विशेष पहल गरिनेछ ।
९. सडकमा बढ्दो सामुदायिक कुकुर तथा अन्य वन्यजन्तुबाट मानव जीवनमा हुने जोखिम न्युनिकरण नियन्त्रण गर्न विशेष पहल गरिनेछ

**४. सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति**

१. संस्थागत सुशासन कायम गरी सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन सूचना प्रविधिमा आधारित AI Tools लगायतको प्रयोग गरी सुधार कार्यहरू सञ्चालन गरिनेछ ।
२. मालपोत तथा नापी कार्यालयबाट प्रदान गर्दै आइरहेको सेवा नगरपालिकाबाट प्रदान गर्ने गरी संघीय सरकारबाट हस्तान्तरण भए बमोजिम भूमि प्रशासन सेवालाई पारदर्शी र व्यवस्थित बनाउँदै लगिनेछ । अव्यवस्थित वसोबासी सुकुम्वासीलाई व्यवस्थित गर्न संघीय सरकारसँगको समन्वयमा प्रभावकारी रुपमा विशेष कार्यक्रम संचालन गरिनेछ।
३. सेवाप्रवाहमा सुधार गर्न मौजुदा कानुनमा समसामयिक परिमार्जन गरी थप आवश्यक नीति, ऐन, कानूनहरुको निर्माण गरी संस्थागत सक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।
४. सुशासन कायम गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक वडापत्र सेवाग्राही सन्तुष्टि सर्भेक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. सार्वजनिक सम्पतिको तथ्याङ्क अध्यावधिक र संरक्षण गरिनेछ। अनियमितता तथा सरकारी सम्पतिको दुरुपयोग गर्नेलाई कानूनी कार्वाहीको दायरामा ल्याइनेछ ।
६. आन्तरिक नियन्त्रण, आन्तरिक लेखा परीक्षण प्रणालीलाई प्रभावकारी बनाई बेरुजु न्युनीकरणमा जोड दिइनेछ । भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अपनाइनेछ। मासिक रुपमा आम्दानी र खर्चको प्रकाशन गर्ने नीति लिईनेछ ।

७. सेवाग्राहीलाई छिटो, छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्न नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक सहायता कक्ष स्थापना र सञ्चालनमा रहेका सहायता कक्षको सुधार गर्दै लगिनेछ ।

८. नगरपालिका तथा वडा कार्यलयहरूबाट सेवाप्रवाह सम्बन्धी मापदण्ड लागु गरि चालु खर्चमा मितव्ययिता तथा पारदर्शिता कायम गर्दै नगरपालिकाले सम्पादन गरेका कार्यहरूको वेवसाइट तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिकीकरण गरिनेछ ।नगरपालिकाबाट सन्चालन हुने तालिम सम्बन्धी कार्यक्रमहरु खुल्ला प्रस्ताव माग गर्ने नीति लिईनेछ ।

९. बजार अनुगमनलाई थप प्रभावकारी बनाउँदै किराना पसलमा मदिरा वेचविखन गर्न नपाउने संघीय नीति अनुरुप कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१०. संगठन तथा व्यवस्थापन सर्वेक्षण परिमार्जन गरी स्वीकृत पश्चात आवश्यक रिक्त दरवन्दी पदपुर्ति गरी कर्मचारी व्यवस्थापन चुस्त दुरुस्त वनाइनेछ ।

११. न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकास गर्दै मेलमिलाप केन्द्रलाई थप सुदृढ गरी न्यायमा सबैको पहुँच स्थापित गर्न “बेलैमा गरौं मिलाप, नगरौ विलाप” भन्ने नारालाई साकार पारिनेछ ।

१२. नगरपालिकाले प्रदान गर्ने बिद्युत, खानेपानी लगायतका विभिन्न सिफारिस गर्दा घर नक्सा पास लगायत नगरपालिकालाई बुझाउनु पर्ने राजस्व असुलीसँग अन्तरसम्वन्धित बनाईनेछ ।

१३. नगरको समृद्धिमा भरः म आफै तिर्छु कर भन्ने नारालाई सार्थक तुल्याउन कर प्रशासनलाई प्रविधिमैत्री, चुस्त दुरुस्त र करदाता मैत्री बनाइदै लगिनेछ ।

१४. नगरपालिका क्षेत्रभित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइनेछ।

१५. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउँदै नगर क्षेत्रमा संचलनमा रहेका सबै करदाताको तथ्यांक संकलन गरी कनकाई उद्योग वाणिज्यसंघ तथा बजार व्यवस्थापन समितिसँगको समन्वयमा घुम्ती शिविर मार्फत व्यवसाय दर्ता तथा नविकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. नगरपालिकाले निर्माण गरेका व्यवसायिक भवनहरुमा व्यवसाय संचालनका लागि एकमुष्ठ ठेक्का लगाउने व्यवस्था मिलाउँदै लगिनेछ ।

१७. दिगो विकासका लागि दिगो स्रोतको पहिचान र परिचालनमा सहयोग पुग्ने गरी राजश्व सुधार कार्ययोजना लागु गरि करको दरलाई समयानुकुल र बस्तुगत बनाई दायरा फरकिलो बनाउँदै लगिनेछ । नगरपालिकालाई आत्मनिर्भर बनाउन राजश्वका बैकल्पिक श्रोतको खोजी गरि आन्तरिक आयमा वृद्धि गरी लगिनेछ।

१८. नगरक्षेत्रको सार्वजनिक स्थल व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण राजश्व असुली तथा नदिजन्य पदार्थको अवैध उत्खनन तथा ओसार पोसार नियन्त्रण, विपद व्यवस्थापन लगायका कार्यमा नगरप्रहरी परिचालन गरिनेछ ।

१९. नगरपालिकाको आन्तरिक राजश्व संकलन कार्यलाई सुत्र प्रणालीमा आवद्ध गरिनेछ ।

## ५. आर्थिक विकाससम्बन्धी नीति

१. नगर क्षेत्रलाई विषादि रहित तथा अर्गानिक खेती उन्मुख क्षेत्रको रूपमा विकास गरिने नीतिलाई निरन्तरता दिदै अर्गानिक प्रमाणीकरणको प्रकृयालाई थप व्यवस्थित गरिदै लगिनेछ।
२. दुर्गापुरमा रहेको कोल्डस्टोरलाई सुरुङ्गा कृषि बजारमा स्थानान्तरण गरी पूर्ण रुपमा संचालनमा ल्याइनेछ ।
३. सुरुङ्गा कृषि बजारमा तरकारीको विषादि परिक्षण प्रविधि जडान (ल्याव टेष्ट मेशिन) कार्य अगाडी बढाइनेछ ।
४. लागत सहभागितामा कृषि औजार सामाग्री अनुदान, जैविक मल तथा जैविक विषादी उत्पादन गर्न प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
५. आयआर्जन र रोजगारीको अवसर श्रृजना गर्ने कृषि क्षेत्रमा आकर्षण बढाउने खालका कार्यक्रम अघि बढाई बैदेशिक रोजगारबाट फर्केका युवाहरु समेत आकर्षण गरिनेछ ।
६. भूमिगत तथा सतह सिँचाइ कार्यक्रमलाई महत्वका साथ कृषक लक्षित कार्यक्रम मार्फत प्रभावकारी कार्यान्वयन गरिनेछ ।
७. कृषि क्षेत्रमा लाग्ने रोग किराको बाली संरक्षण सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै बाली उत्पादन बृद्धि गर्न माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
८. युवाहरुलाई कृषिमा आकर्षित गराउन सामुहिक तथा आधुनिक खेती प्रणालीमा तथा नगदे वालिमा जोड दिइनेछ ।
९. पशुपन्छीको महामारी नियन्त्रणका लागि कृषकहरुको घरदैलो तथा घुम्ती शिविर कार्यक्रम मार्फत खोप कार्यक्रम, कृत्रिम गर्भधान सेवा विस्तारमा जोड दिइनेछ ।
१०. सडकमा सामुदायिक कुकुर तथा बाँदरको संख्या नियन्त्रणका लागि पशु कल्याण सुनिश्चित गर्दै मानविय बैज्ञानिक र प्राविधिक उपायहरु अबलम्वन गरी प्रभावकारी व्यवस्थापन गर्न पहल गरिनेछ ।
११. पशुपालनलाई प्रोत्साहन गर्नको लागि उन्नत जातका पशुहरुको नश्ल सुधार कार्यक्रम तथा पशुआहार सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ
१२. पशुपन्छीमा आउने महामारीको नियन्त्रणका लागि भ्याक्सिनेशन, (रेविज समेत) कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
१३. रैथाने वालिको संरक्षण र प्रवर्दन गर्दै उत्पादनमा वृद्धि गर्न विशेष पहल गरिनेछ ।दुध, मासु र अण्डामा आत्मनिर्भर बन्न गोठ नश्ल सुधार र पशु प्राविधिक सेवालाई सुदृढ गरिनेछ।
१४. सुरुङ्गा कृषि बजारमा पशु बधशाला निर्माणका लागि संघीय तथा प्रादेशिक सरकारसँगको सहकार्यमा अगाडि बढाइनेछ ।
१५. ऐतिहासिक, धार्मिक, पुरातात्विक मठ, मन्दिर गुम्बा चर्च मस्जिद संरक्षण तथा उपयोगमा विशेष जोड दिने नीतिलाई निरन्तरता दिईनेछ ।
१६. नगरको पहिचान बोकेका गैडे आहाल, प्रजापती पार्क, रमणीय पार्क, लुकुनीखाडी, तालखाडी, धरधरे, गायत्री मन्दिर, नवदुर्गा मन्दिर, दुर्गा मन्दिर, वि.पि. वन वाटिका, लक्ष्मी नारायण मन्दिर, कोच राजवंशी संग्राहालय, धनुषकोटी धाम, कोटीहोम लगायतका क्षेत्रहरुमा पर्यटक आकर्षित गर्नको लागि निजीक्षेत्र,सामुदायिक वन तथा संघसस्थासँगको सहकार्यमा कार्यक्रम अगाडी बढाइने ।

१७. सहकारी संस्थाहरुको नियमित अनुगमन गरी संस्था दर्ता तथा खारेजीको माध्यमबाट संस्थागत सुशासन कायम गर्ने नीति लिइनेछ ।

१८. सहकारीको क्षेत्रको बचतलाई उद्यम विकास तथा रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

१९. कनकाई नगरपालिका भित्र रहेका सहकारीहरुलाई अनिवार्य रुपमा COPOMIS प्राणालीमा आवद्ध गराई अनुगमनको कार्यलाई प्रभावकारी बनाउदै लगिनेछ ।

२०. स्थानीय कच्चा पदार्थ प्रविधि र सीपको संरक्षण र प्रवर्द्धन गर्न लघु तथा घरेलु उद्योग र परम्परागत सीपमा आधारित उद्योगहरुलाई प्राथमिकता दिई युवा परिचालन तथा रोजगारी सृजनामा सहयोग गरिनेछ ।

२१. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी उनिहरुले विदेशमा आर्जन गरेको ज्ञान, सीप र दक्षताको उपयोग हुने गरी मागमा आधारित दिगो आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२. रोजगार सेवाकेन्द्र मार्फत बेरोजगार व्यक्तिहरुको अभिलेखीकरण र न्यूनतम रोजगारको प्रवन्ध गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगरसभा सदस्यहरु-**

**अन्त्यमा,**

कनकाई नगरपालिकाको २० औं नगरसभाको नीति कार्यक्रम तथा बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न हामी सबैको प्रतिबद्धता सहित सकृयताको आवश्यक्ता पर्दछ । स्थानीय सरकार र जनप्रतिधिसँग नागरिकहरुको ठुलो अपेक्षा रहने गर्दछ । सीमित स्रोत साधनबाट अधिकतम उपलब्धि हासिल गर्ने प्रयत्न गर्नु पर्ने हुन्छ । त्यसका लागि नगरपालिका सकेसम्म प्रयासरत नै रहनेछ । यो नीति तथा कार्यक्रम तयार गर्न सघाउ पुर्याउने वडा अध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु लगायत नगरपालिकालाई सकारात्मक सुझाव दिनुहुने सम्पुर्ण राजनैतिक दलहरु, विषयगत कार्यालय, संघसंस्था, विद्यालय, उद्योगी ब्यवसायी, नागरिक समाज, संचारकर्मी लगायत सबै नगरवासी दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । नगरवासी नागरिक समाज तीनै तहका सरकार र मातहतका निकाय, निजी क्षेत्र, नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको निरन्तर सहयोग समन्वय र सहभागिताको अपेक्षा गर्दै हालसम्म प्राप्त सहयोग र समन्वयको लागि पुन हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।अन्त्यमा आज प्रस्तुत भएको नीति तथा कार्यक्रममा सकारात्मक सहयोगको अपेक्षा सहित आजको यो नीति तथा कार्यक्रमको प्रस्तुती यही समापन गर्दछु ।

धन्यवाद ।

०७ जेष्ठ २०८३
राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कनकाई नगरपालिका